# विलोम

नारायण श्रेष्ठ , रेडियो सगरमाथा काठमाण्डौ

जहाँबाट हामीले यात्रा शुरु गरेका थियौँ
अचेल दिन त्यहीँ टक्क अडिरहेछ !
थोरै चढेर
केही बढेर
केही सढेर
दिनहरु असफल कविता विम्ब जस्तै
कुनै क्लाइमेक्स बिना नै टुङ्गिन्छन्

पृथक पृथक आकारमा बाँडिएर
  – समय अभावले
  – सम्भावना अभावले
  – सम्मोहन अभावले
विधवाको आँखामा सुकेको सपना जस्तै
मायावी भावमा दिनहरु
विघटनको गोरेटोतिर लम्किरहेछन् !
हामीले चढेका चुलीहरुको कुनै मानक नै रहेन वा
हाम्रा डोबहरु मेटिए
नजाने कुनै यात्रीले हाम्रो यात्रा नै नपछ्याएजस्तो
अचेल पाइलाहरु
कुनै उचाइ नै नटेकेर ओराली झर्छन् !
कसले सोच्यो– कुहिरोमा पनि उज्यालो छोपिन्छ
थाहै थिएन वाफभित्र दिन रुमलिन्छ
एकफेरो पछ्यौरीले
सिङ्गै घामजून छोपेपछि त
हरेक चोकमा षड्यन्त्रको आलो घाउ
च्याउ जस्तै मुर्झाएर उठ्दोरहेछ
प्रेतात्माका कर्कश स्वरहरु
पुराना गल्लीहरुमा शीतले भिजेर
जब सिङ्गो दिन एक ढिक्का बन्छ !

अब कहाँ रोपौं सम्वेदनाका बीउहरु
कहाँ फुटाउँ उत्सर्गका मूलहरु !
कुनै उज्यालो नै छैन जस्तो दिन
कुनै अर्थ नै नभएजस्तो उज्यालो
प्रत्येक क्षण झरेको फूल जस्तै भूइँभरि बग्रेल्ती छरिन्छ
एथावत् हाम्रा प्रयासहरु
शून्य प्रत्यारोपणमै थकित हुन्छन्
सम्भवतः अब
हामी लेख्न सक्दैनौ अर्को पटकथा
हामी बनाउन सक्दैनौँ अरु पात्रहरु !